# मेल्लेख गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ४ मितिः २०८२/०३/३२


## भाग- १

मेल्लेख गाउँपालिकाको सूचना

मेल्लेख गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐनलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको लागि प्रकाशन गरिएको छः

## मेल्लेख गाउँपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** मेल्लेख गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मेल्लेख गाउँपालिकाको १६ औं गाउँ सभा सभाले यो ऐन बनाएको छ ।

# परिच्छेद -१
# प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि मेल्लेख गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र **अनुसूची -१** बमोजिम एकिकृत/सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा **अनुसूचि -२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर/जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा **अनुसूचि -३** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूचि -४** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूचि -५** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** मेल्लेख गाउँपालिकाले आफ्ने क्षेत्र भित्र लगाउने वार्षिक सवारी साधनको कर मेल्लेख गाउँपालिकाले तोके बमोजिम

हुनेछ, तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएमा सोहि अनुसार हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि -६** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएमा सोहि अनुसार हुनेछ ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा गाउँपालिकाले तोके बमोजिम कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएमा सोहि अनुसार हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा गाउँपालिकाले तोके बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची -७** बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनूसूचि -८** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. पर्यटन प्रवेश शुल्कः** गाउँपालिकले आफ्नो क्षेत्रभित्रका पर्यटकिय स्थलहरुमा उपयोग गरे वापत पर्यटकहरुवाट गाउँपालिकाले तोको बमोजिमको दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १ः

(दफा २ संग सम्बन्धित)

**सम्पत्ति करका दरहरु**

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | साधारण खड्छय घरको वार्षिक | ३० | |
| २ | ढुङ्गामाटो जोडाई भएको घरको वार्षिक | ६० | |
| ३ | टिनको पाताले छायको घरको वार्षिक | १०० | |
| ४ | सिमेन्ट सहितको पक्की घरको वार्षिक | १५० | |

अनुसूची २ः

(दफा ३ संग सम्बन्धित)

## भूमीकर (मालपोत)का क्षेत्र र दरहरु

| जग्गाको विवरण (वडागत) | दर प्रति रोपनि रु. | जरिवाना | कैफियत |
|---|---|---|---|
| मेल्लेख गाउँपालिका वडा नं. १ र २ | ६ | वार्षिक १०% जरिवाना | विगत वर्षहरुको वक्यौताको हकमा समेत यसै अनुसार हुनेछ |
| मेल्लेख गाउँपलिका वडा नं. ३ र ४ | ८ | | |
| मेल्लेख गाउँपालिका वडा नं. ५ | १० | | |
| मेल्लेख गाउँपालिका वडा नं. ६ | ८ | | |
| मेल्लेख गाउँपालिका वडा नं. ७ | १० | | |
| मेल्लेख गाउँपालिका वडा नं. ८ | १० | | |

अनुसूची ३

(दफा ४ संग सम्बन्धित)

## वहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी, टावर र विज्ञापन बोर्ड लगायत) सम्झौतामा उल्लेखित वार्षिक भाडा अनुसार पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा सम्बन्धित घरधनिबाट १० प्रतिशत बहालकर लाग्नेछ ।

अनुसूची ४

(दफा ५ संग सम्बन्धित)

## व्यवसाय कर

| क्र.सं. | व्यवसाय | आ.व. २०८२/०८३ का लागि व्यवसाय करका दरहरु | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता | नविकरण | |
| १ | **होटेल/लज/रेष्टुरेन्ट** | | | |
| | १० कोठा भन्दा बढी भएको A/c सहितको होटल | ३५०० | २५०० | |
| | ५ कोठा भन्दा बढी भएको खाना र लज | ३००० | २००० | |
| | साधारण खाना/नास्ता र लज भएको | २००० | १५०० | |
| | खाजा/चिया पसल | १००० | ५०० | |
| २ | **मासु पसल** | | | |
| | सबै प्रकारको मासु बिक्री | २००० | १५०० | |
| | खसि र कुखुराको मासु बिक्री | १५०० | १००० | |
| ३ | **मदिरा पसल** | | | |
| | थोक मदिरा | १०००० | ७००० | |
| | खुद्रा बिक्री | ६००० | ५००० | |
| ४ | **सुन चाँदी पसल** | ३००० | १००० | |
| ५ | **सिलाई कटाई** | | | |
| | टेलरिङ्ग सुविधा | २००० | १५०० | |
| | साधारण सिलाई कटाई | १००० | ५०० | |
| ६ | **जुत्ता पसल** | २००० | १००० | |
| ७ | **मोटर वर्क सप** | | | |
| | गाडी पार्ट बिक्री तथा मर्मत | ५००० | २००० | |
| | मोटर साईकल पार्ट बिक्री र मर्मत | ५००० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | उद्योग | | | |
| | २० लाख भन्दा बढी पूँजी लगानी | ५००० | ३००० | |
| | ५ लाख - २० लाखसम्म पँजी लगानी | ३००० | २००० | |
| | ५ लाख भन्दा कम पूँजी लगानी | २००० | १००० | |
| ९ | अन्य उद्योग | | | |
| | ग्रिल उद्योग | ५००० | ३००० | |
| | काष्ठ उद्योग | ५००० | ३००० | |
| १० | कम्प्युटर इन्स्टिच्युट तथा साइबर | ५००० | ३००० | |
| ११ | तरकारी र फलफुल पसल | १५०० | १००० | |
| १२ | मिल | | | |
| | १० हर्ज पावर भन्दा बढी क्षमता | २००० | १००० | |
| | १० हर्ज पावर भन्दा कम क्षमता | १००० | ५०० | |
| १३ | निर्माण व्यवसाय | | | |
| | क वर्गको निर्माण व्यवसाय | ३०००० | १५००० | |
| | ख वर्गको निर्माण व्यवसाय | २५००० | १२००० | |
| | ग वर्गको निर्माण व्यवसाय | २०००० | १०००० | |
| | घ वर्गको निर्माण व्यवसाय | १५००० | ७००० | |
| १४ | कपडा पसल | | | |
| | थोक/सिलाई सहित | ५००० | ३००० | |
| | खुद्रा | ३००० | २००० | |
| १५ | किराना पसल | | | |
| | थोक | ५००० | २००० | |
| | किराना | ३००० | १००० | |
| १६ | खाद्य पसल | | | |
| | थोक | ५००० | १५०० | |
| | खुद्रा | ३००० | १००० | |
| १७ | भाडा पसल | | | |
| | थोक | ३००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | खुद्रा | २००० | ५०० | |
| १८ | श्रृङ्गारिक पसल | १००० | ५०० | |
| १९ | कुखुरा फर्म | | | |
| | ५०० भन्दा बढी कुखुरा | २००० | १५०० | |
| | ५०० भन्दा कम कुखुरा | २००० | १००० | |
| २० | बाख्रा फर्म | | | |
| | ५० भन्दा बढी बाख्रा/खसि | ४००० | १५०० | |
| | ५० भन्दा कम बाख्रा/खसि | ३००० | १००० | |
| २१ | ईलेक्ट्रोनिक पसल | २००० | १००० | |
| २२ | स्टेस्नरी तथा पुस्तक पसल | ३००० | १५०० | |
| २३ | छापाखाना/आर्ट | | | |
| | अपसेट प्रेस | ३००० | १५०० | |
| | साधारण प्रेस/आर्ट | २००० | १००० | |
| २४ | स्वस्थ्य सेवा/व्यवसाय | | | |
| | अस्पताल | १०००० | ५००० | |
| | पोलिक्लिनिक | ५००० | ३००० | |
| | साधारण क्लिनिक | ३००० | २००० | |
| २५ | वित्तीय क्षेत्र | | | |
| | बैंक क | १०००० | ५००० | |
| | बैंक ख | १०००० | ४००० | |
| | बचत तथा ऋण सहकारी संस्था/ लघु उद्यम | ५००० | ३००० | |
| २६ | शैक्षिक संस्था (निजी) | | | |
| | १-५ कक्षा सम्म | ५००० | ४००० | |
| | १-८ कक्षा सम्म | १०००० | ६००० | |
| | १-१२ कक्षा सम्म | १५००० | ८००० | |
| २७ | चस्मा पसल | २००० | १००० | |
| २८ | हार्डवेयर | ५००० | ३००० | |
| २९ | कृषि/भेटेरेनरी समाग्री पसल | ५००० | २००० | |

| | | | | |
|---|---|---|---|---|
| ३० | पानी ट्याङ्कर | | १००० | |
| ३१ | ग्यास डिपो | | १००० | |
| ३२ | मण्टेश्वरी | ५००० | १००० | |
| ३३ | ट्युसन सेन्टर | ५००० | १००० | |
| ३४ | संस्था, क्लव, समूह | १००० | ५०० | |
| ३५ | हजाम | २००० | ५०० | |
| ३६ | जडिबुटी खरिद/बिक्री पसल | ३००० | १००० | |
| ३८ | मिनिरल वाटर उद्योग | १५००० | १०००० | |
| ३९ | **Interlock Block Udyog** | ५००० | २००० | |
| ४० | आयुर्वेदिक पसल | २५००० | १००० | |
| ४१ | चेन्सो मेशिन | ३००० | २००० | |
| ४२ | सामाजिक संस्था/क्लव दर्ता/नविकरण | १००० | ५०० | |
| ४३ | कृषक समूह दर्ता/नविकरण | १००० | ५०० | |

नोटः यस ऐनमा समावेश नभएका व्यवसायहरुको हकमा सेवा र व्यवसाय कारोवारोका आधारमा गाउँपालिकाले तोके बमोजिमको कर लिन सकिनेछ ।

## अनुसूची ५

(दफा ६ संग सम्बन्धित)

# जडिबुटी, कवाडी र जीवजन्तु कर

मेल्लेख गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत कार्यपालिकाको निर्णय र अन्य प्रचलित कानून बमोजिम कर लगाउन र असुल गरिनेछ ।

अनुसूची ६

(दफा ७ संग सम्बन्धित)

# विज्ञापन कर

मेल्लेख गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन कर निम्नासुर हुनेछः

| **विज्ञापन कर** | **दर** |
|---|---|
| होर्डिङ्ग बोर्ड प्रति वर्ग फिट | ३५ |
| भित्ते लेखन सटर पेन्टिङ्ग प्रति वर्ग फिट | २० |

अनुसूची ७

(दफा ११ संग सम्बन्धित)

# पार्किङ्ग शुल्क

| सवारी साधन | दर |
|---|---|
| टेक्टर | १०० |
| जीप/स्कार्पियो | ५० |
| बस | ३०० |
| ट्रक/टिप्पर | २०० |
| स्काभेटर/लोडर | ३०० |

अनुसूची ८

(दफा १२ संग सम्बन्धित)

# सेवा शुल्क/दस्तुर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता दस्तुर (३५ दिन भित्र निशुल्क) | |
| | जन्म/मृत्यु/विवाह/सम्बन्ध बिच्छेद | २०० |
| | बसाईसराई | ५०० |
| | घटना दर्ताको प्रतिलिपि | ५०० |
| | व्यक्तिगत घटना दर्ता किताब हेरेको | २०० |
| २ | प्रमाणित शुल्क | |
| | नाता प्रमाणित | १५० |
| | जन्म मिति प्रमाणित | १०० |
| | विवाहित/अविवाहित प्रमाणित | १०० |
| | व्यक्तिगत विवरण प्रमाणित | १०० |
| | हकवाला/हकदार प्रमाणित | १०० |
| | मन्जुरीनामा प्रमाणित | १०० |
| | जग्गा खरिद बिक्रीमा घर बाटो प्रमाणित | ५०० |
| | चारित्रिक प्रमाणित | १५० |
| | आय स्रोत प्रमाणित | ५०० |
| | आय स्रोत प्रमाणित वैदेशिक प्रयोजनका लागि | १००० |
| | चारकिल्ला | |
| | चार किल्ला प्रमाणित | ३०० |
| | आधा रोपनी सम्मको जग्गाको | ५० |
| | एक रोपनी सम्मको जग्गाको | १०० |
| | एक भन्दा बढी पाँच रोपनी सम्मको जग्गाको | २०० |
| | पाँच रोपनी भन्दा बढी दश रोपनीसम्मको | ३०० |
| | दश रोपनी भन्दा बढीको जग्गाको | ५०० |
| ३ | सिफारिस दस्तुर | |

| | | |
|---|---|---|
| | नागरिकताको सिफारिस | १०० |
| | नगरिकताको प्रतिलिपि सिफारिस | १५० |
| | नाबालक सिफारिस | १०० |
| | नाता कायम सिफारिस | १५० |
| | नाम थर सच्याउने सिफारिस | १०० |
| | अङ्ग्रेजीमा गरिने सिफारिस | ३०० |
| | धरा/विद्युत मिटर सिफारिस | १५० |
| | फर्म दर्ता सिफारिस | ५०० |
| | उद्योग दर्ता सिफारिस प्रतिलाख | ५०० |
| | नाम सारी/कित्ताकाट सिफारिस | ५०० |
| | नामसारी सिफारिस प्रतिलिपि | २५० |
| | जग्गा धनी प्रमाण पूर्जा प्रतिलिपि सिफारिस | ५०० |
| | उद्योग नामसारी सिफारिस | २५० |
| | सामाजिक सुरक्षा भत्ता सिफारिस | १०० |
| | कालो पत्रे मोटर बाटो छ भनि प्रमाणित सिफारिस | ५०० |
| | अन्य मोटर बाटो छ भनि गरिने सिफारिस | ३०० |
| | पिछडिएको क्षेत्रको सिफारिस | १०० |
| | सामुदायिक वन दर्ता/नविकरण सिफारिस | ५०० |
| | रुख कटानका लागि सिफारिस | २०० |
| | व्यवसाय खारेजी सिफारिस | १००० |
| | खाता सञ्चालन सिफारिस | १०० |
| | खाता सञ्चालन बन्द सिफारिस | ५०० |
| | अन्य सिफारिस | १०० |
| | कवाडी ढुवानी सिफारिस | ५०० |
| | सम्पत्ति मूल्याङ्कन सिफारिस प्रति १,००० | १ |
| ४ | **योजना सम्झौता सिफारिस** | |
| | १ लाखसम्म | २०० |
| | १-३ लाखसम्म | ३०० |

| | | |
|---|---|---|
| | ३-५ लाखासम्म | ७०० |
| | ५-१० लाखसम्म | १५०० |
| | १०-१५ लाखसम्म | २००० |
| | १५-२० लाखसम्म | २५०० |
| | २०-३० लाखसम्म | ३५०० |
| | ३०-४० लाखसम्म | ५००० |
| | ४०-५० लाखसम्म | ७००० |
| | ५०-६० लाखसम्म | ९००० |
| | ६०-७० लाखसम्म | ११००० |
| | ७०-८० लाखसम्म | १२००० |
| | ८०-९० लाखसम्म | १५००० |
| | ९० लाख - १ करोडसम्म | २०००० |
| ४ | दस्तुर | |
| | **समाजिक सुक्षा भत्ताको परिचय पत्र** | |
| | बालबलिका | १०० |
| | जेष्ठ/दलित जेष्ठ/एकल महिला | १५० |
| | समाजिक सुक्षा भत्ताको परिचय पत्र | १०० |
| | आँखा उपचार केन्द्र विरामी दर्ता दस्तुर | ५० |
| ५ | **व्यवसायिक फर्म सूचीकृत दस्तुर** | ५०० |
| | **अन्य फर्म सूचीकृत दस्तुर** | ५०० |
| ६ | **फोहोरमैला व्यवस्थापन शुल्क मासिक** | १०० |
| ७ | **स्रोत परिचालन** | |
| | गाउँपालिका सभा हल भाडा प्रतिदिन | १५०० |
| | गाउँपालिका सभा हल भाडा (प्रोजेक्टर सहित) प्रतिदिन | ३००० |
| | कुर्ची, सोफा, टेबुल भाडा (कार्यालय बाहिर) प्रतिदिन | ५०० |
| ८ | **घर निर्माण/नक्सा पास दस्तुर** | |
| | निवेदन फारम दस्तुर | १०० |
| | ढलान गरी निर्माण गर्ने घर प्रति वर्ग फिट | २ |

| | | |
|---|---|---|
| | ढलान नगरी निर्माण गरिने घर प्रति वर्ग फिट | १ |
| | माटोको जडानले निर्माण गरिने घर प्रति वर्ग फिट | ०.०५ |
| | नक्सा पासको प्रमाण पत्र | ५०० |
| | पास भएको घरको प्रमाण पत्र प्रतिलिपि प्रतिवर्गमिटर | २ |
| | नक्सा नामसारी प्रति वर्ग फिट | २ |
| ९ | **एमबुलेन्सको भाडादर** | पालिकाले तोके अनुसार |
| १० | **सर्जमिन मुचुल्का** | |
| | नागरिकताको सिफारिस | १५० |
| | नाता प्रमाणित सर्जमित मुचुल्का दस्तुर | २०० |
| | उद्योग स्थापनाको सर्जमिन मुचुल्का | ५०० |
| | अन्य प्रयोजनको सर्वजनिक मुचुल्का | २०० |
| ११ | **न्यायिक दस्तुर** | |
| | उजुरी दर्ता | १०० |
| | अन्य दस्तुर | १०० |
| | सामुदायिक वन | |
| १२ | **आयुर्वेदिक सेवा शुल्क दस्तुर** | १० |
| १३ | **सामुदायिक वनबाट प्राप्त आयको प्रतिशत** | १० |
| १४ | **भेटेरेनरी सेवा शुल्क** | |
| | गाई/गोरु/राँगा/भैसी | १० |
| | भेडा/बाख्रा/बंगुर/खरायो | ५ |
| | कुकुर/बिरालो | २५ |
| | घोडा/खच्चड | ५० |
| | पंक्षी जन्य | १ |
| | वन्य जन्तु | ५० |

आज्ञाले
हिक्मत बहादुर बुढा
निमित्त प्रमुख प्रशासकीय अधिकृत